पशुपक्षीहरूको बाँचुन्जेल कल्याण गरिनुपर्छ : एनिमल नेपाल

पशुपक्षी कल्याणको विषयलाई मिडियाले प्राथमिकता दिँदैन

रिता बस्नेत/हिटा

काठमाडौं, ९ चैत

एनिमल नेपालले आमसमुदायलाई सु-सूचित गर्न पशु कल्याणसम्बन्धी अन्तरक्रिया कार्यक्रम गरेको छ । आयोजित कार्यक्रममार्फत् एनिमल नेपालले पशुपक्षी कल्याणको विषयप्रति मिडिया तथा सम्बन्धित निकायको ध्यान नगएकाले अन्तरक्रिया कार्यक्रम गर्नुपरेको गुनासो गरेको हो ।

एनिमल नेपालका कार्यक्रम प्रमुख सुलोचना राणाले आफ्नो संस्थाले काम गर्दै आएको पशु कल्याणका बारेमा मिडियामार्फत् प्रचारप्रसार हुन नसकेकाले उक्त अन्तरक्रिया कार्यक्रम गरेको बताउनुभयो । उहाँले सन् २००९ मा स्थापना भई पशु कल्याणका बारेमा काम गर्दै आएको एनिमल नेपालले 'पशुपक्षीहरूका लागि आहारको राम्रो व्यवस्था हुनुपर्छ, राम्रो वातावरणमा बस्न पाउनुपर्छ, उसको स्वास्थ्यको ख्याल गर्नुपर्छ, जनावरहरूको व्यवहारअनुसार स्वतन्त्रत भएर बाँच्न दिनुपर्छ, कुनै पनि मानसिक तनाव दिनुहुँदैन,' भन्ने पाँच कुराहरूको सुनिश्चित हुनुपर्छ भन्दै आएको बताउनुभयो । मानिसहरूले पशुपक्षीलाई दर्दनाक तरिकाले पाल्ने, मार्ने गरिराखेको गुनासो गर्दै प्रमुख राणाले पशुपक्षीको स्वास्थ्य, जीवनका लागि काम गर्दै आएको एनिमल नेपालले विशेष गरी लुम्बिनी, काठमाडौं, ललितपुर, धादिङ, बाँके, कैलालीलगायत जिल्लामा गएर कुकुरहरूको बन्ध्याकरण गर्दै आएको उहाँले जानकारी गराउनुभयो । उहाँका अनुसार एनिमल नेपालले पशुपक्षी कल्याणको विषयमा हालसम्म प्रदेश १ र ६ बाहेक सबै प्रदेशमा प्रत्यक्षरूपमा कार्यक्रमहरू गर्दै आएको छ ।

पशुपक्षीहरूलाई झुण्ड्याएर, कोचाकोच गरी दर्दनाक तरिकाले एक ठाउँबाट अर्को ठाउँमा लाने गरेको दृश्यबारे गुनासो गर्दै प्रमुख राणाले सबै प्राणीप्रति सद्भावको भावना हुनुपर्ने बताउनुभयो । मान्छेजस्तै पशुपक्षी पनि एउटा जीवित प्राणी भएकाले उनीहरूको पनि गाँस, बास, स्वास्थ्यलगायतमा ध्यान दिनुपर्नेमा उहाँको जोड थियो । हामी गाईवस्तु पाल्दा बाछा जन्मियो भने बाटोमा लगेर फालिदिन्छौं भन्दै उहाँले सरकारले वस्तुभाउका लागि फार्म खोल्ने अधिकार दिएको छ तर त्यसको संरक्षण भने नगरेको बताउनुभयो । प्रमुख राणाका अनुसार एनिमलको अधिकारका लागि वकालत गर्दै आएको एनिमल नेपालले ठाउँ तथा जिल्लाअनुसार फरक-फरक समस्याअनुसार पशु कल्याणको विषयमा सचेतनामूलक कार्यक्रमहरू गर्दै आएको छ ।

कार्यक्रममा एनिमल नेपालका कार्यकारी निर्देशक हरिप्रसाद जोशीले देशमा विद्यमान कानुन तथा नियम र अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको पूर्ण पालना गराउनु राज्यको कर्तव्य भए पनि राज्यबाट पशुपक्षीहरूप्रति कल्याणको काम नभएको गुनासो गर्नुभयो । पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, सम्बन्धित नियमावली, ढुवानी मापदण्ड, पशु कल्याण निर्देशिका २०७३, मुलुकी ऐन अपराध संहिता २०७४ ले पशुपक्षीको पालन, हेरचाह, ढुवानी तथा कल्याणका सम्बन्धमा गरेको व्यवस्थालाई पालना गराउन सकेमात्र नेपालको पशु कल्याणको अवस्था सुधार हुनेमा उहाँको जोड थियो । उहाँका अनुसार पशु कल्याणसम्बन्धी ऐनका लागि तयार पारिएको मस्यौदालाई सरोकारवालाहरूसँग छलफल गरी यथाशक्य ऐनका रूपमा पारित गराई लागू गर्न सकेमा नेपालले पशुकल्याणको क्षेत्रमा प्रशंसनीय प्रगति हासिल गर्न सक्ने निश्चित छ ।

कार्यक्रममा कार्यकारी निर्देशक जोशीले पशु स्वस्थ छ भने मात्र त्यसबाट उत्पादित वस्तु (दूध, मासु, अण्डा) स्वस्थ हुने भन्दै मान्छेमा ६०-७० प्रतिशत रोग पशुपक्षीबाट सर्ने गरेको जानकारी गराउनुभयो । उहाँका अनुसार अस्वस्थ पशुपक्षीबाट उत्पादित वस्तु खाँदा मानव जीवनका लागि हानिकारक हुन्छ । सरकारले मासु तथा अण्डामा नेपाल आत्मनिर्भर बनेको भनेको छ तर पशु कल्याणका बारेमा अध्ययन अनुसन्धान नगरेको तथा मौन बसेको गुनासो जोशीको थियो । उहाँले हाल नेपालमा पशुपक्षी कल्याणसम्बन्धी काम गर्ने ३/४ वटा संस्थामात्रै रहेको जानकारी गराउनुभयो । कार्यकारी निर्देशक जोशीले मानिसहरूले पशुपक्षीप्रति गर्ने निर्दयी व्यवहार निर्मूल पार्न मिडियाको महत्त्वपूर्ण भूमिका हुने भएकाले पशुपक्षी कल्याणसम्बन्धी प्रचारप्रसार गर्न उपस्थित पत्रकारसमक्ष आग्रह गर्नुभयो ।

ग्रेटवाल मोटरको हाभल एच ६ लाई फाइभस्टार

काठमाडौं/हिटा । ग्रेटवाल मोटर्स हाभल एच ६ ले अस्ट्रेलिया सियन न्यु कार एसेसमेन्ट प्रोग्राम (एनक्याप) क्र्यास परीक्षणमा हालको २०२०-२०२२ सुरक्षा प्रोटोकलका लागि फाइभ-स्टार रेटिङ प्राप्त गरेको छ । जिडब्लु एम पिक-अप पजवरपछि यस्तो उच्च मूल्यांकन प्राप्त गर्ने एच ६ जिडब्लुएमको दोस्रो गाडी हो ।

हाभल एच ६ ले एडल्ट अकुप्यान्ट प्रोटेक्सनमा ९० प्रतिशत, चाइल्ड अकुप्यान्ट प्रोटेक्सनमा ८८ प्रतिशत, भल्नरेबल रोड युजर प्रोटेक्सनमा ७३ प्रतिशत र सेफ्टी असिस्टमा ८१ प्रतिशत स्कोर ल्याउँदै फाइभ-स्टार सुरक्षा मूल्यांकन प्राप्त गर्न सफल भएको कम्पनीले जनाएको छ ।

एनक्यापका अनुसार हाभल एच ६ ले साइड इफेक्ट र अब्लिकपोल टेस्ट, फ्रन्ट-र-रियर-सिट अक्युप्यान्ट ह्विप्ल्यास प्रोटेक्सन र फ्रन्टल अफसेट टेस्टमा फ्रन्ट-सिट प्यासेन्जर प्रोटेक्सनमा पूर्णांक पाएको छ । चाइल्ड अकुप्यान्ट प्रोटेक्सनमा 'परम्परागत विशिष्ट बालप्रतिबन्धको दायरालाई सुरक्षितरूपमा समायोजन गर्ने' एच ६ लाई एनक्यापले प्रशंसा गरेको छ । यसैगरी टर्न-अक्रस-पाथ इन्टरसेक्सन परीक्षणमा अर्को गाडीसँग ठोक्किनबाट रोक्ने क्षमता भएकोमा एनक्यापले हाभल एच ६ को जक्सन असिस्ट फिचरको पनि प्रशंसा गरेको छ । हाभल एच ६ को सक्रिय सुरक्षा सुविधालाई एनक्यापले तारिफ गरेको छ र सबै आपत्कालीन लेन राख्ने परीक्षण अवस्थासँगै कार-टु-कार र कार-टु-साइक्लिस्ट अटोनेमस इमर्जेन्सी ब्रेकिङ क्षमतालाई राम्रो मूल्यांकन गरेको छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन दमक
झापा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८/१२/१०

यस कार्यालयबाट सूचना नं. ०८-०७८/७९, मिति २०७८/१०/२८ गतेको हिमालय टाईम्स दैनिकमा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

S. N.	Notice No.	Contract No.	Description of Works	Name of Successful Bidder	Bid Amount (Including PS and VAT), NRs.
1	08-078/79	RD-DMK/33701169-4/2078/79-027	Construction of Slab Culvert Works on Arjundhara 1 Madanpur Dekhi Sadhutar Hudai Illam Tinghare Road, Jhapa.	M/S Sneha Nirman Sewa, Bhadrapur-10, Jhapa.	5,245,945.90
2		RD-DMK/33701169-4/2078/79-028	Construction of Blacktopped Works on Baraghare, Kamal Dekhi Schoolchaun Gauradaha 5 Road, Jhapa.	M/S Parbati Ambika Construction Pvt.Ltd., Kankai-03, Jhapa.	6,564,093.15
3		RD-DMK/33701169-4/2078/79-029	Construction of Blacktopped Works on Sitapuri Geuriya Kisne Dovan Kamal Ga.Pa. ward no 4 ra 5 bich Road, Jhapa	M/S Saila Construction Pvt.Ltd., Kamal Rural Municipality-04, Jhapa.	4,629,452.69
4		RD-DMK/33701169-4/2078/79-030	Construction of Blacktopped Works on Mangalbare-Shivgunj Road, Jhapa.	M/S Saila Construction Pvt.Ltd., Kamal Rural Municipality-04, Jhapa.	5,881,446.60
5		RD-DMK/33701169-4/2078/79-031	Construction of Blacktopped Works on Kakarvitta-Satighatta-Duwagadi-Shantinagar-Bahundagi-Kakarvitta Ring Road, Jhapa.	M/S Siddakali International Builders, Bhadrapur-08, Jhapa.	7,731,608.80
6		RD-DMK/33701012/2078/79-032	Office Quater Maintenance of Road Division Damak, Jhapa.	M/S Maa Pathibhara Nirman Sewa, Kankai Municipality-03, Jhapa.	3,059,282.65
7		RD-DMK/33701169-4/2078/79-034	Construction of Blacktopped Works on Birtamode Sainikmode Sainik Bajar Goldhap Road, Jhapa.	M/S National Structure Pvt. Ltd., Pulchowk, Lalitpur.	14,114,787.23

डिभिजन प्रमुख

रियलमी ९ प्रो प्लस ५ जी

काठमाडौं/हिटा । रियलमी ९ प्रो प्लस ५ जी नेपाली बजारमा आएको छ । रियलमी ९ प्रो प्लस ५ जी मा फ्ल्यागसिप ट्रिपल क्यामेरा सेटअप रहेको छ, जसमा ५० एमपी प्रमुख क्यामेरा, ८ एमपीसुपर वाइड क्यामेरा र २ एमपी म्याक्रो क्यामेरा रहेको छ । साथै इन-डिस्प्ले फिंगरप्रिन्ट सेन्सर, हार्ट रेट सेन्सर ,४५०० एमएएच ब्याट्री र ६० डब्ल्यु सुपर डार्ट चार्जिङसहित उपलब्ध रहेको छ । छ प्लस एक सय २८ जिबीको ४१ हजार नौ सय र आठ जिबी प्लस एक सय २८ जिबीको मूल्य ४५ हजार नौ सय रुपैयाँ रहेको छ । फोन सबै अफलाइन च्यानल र दराजमा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

कम्पनीका इन्डियाका प्रमुख कार्यकारी अधिकृत अध्यक्ष माधव शेठले भन्नुभयो, 'रियलमीको नम्बर सिरिज नेपालसहित विश्वभरिका प्रयोगकर्तामाझ लोकप्रिय छ । हामीले विश्वभर चार करोड नम्बर सिरिजका स्मार्टफोन वितरण गरिसकेका छौं र यो उपलब्धि हासिल गर्न यस पछाडि रहेको हाम्रो नवीन प्रयोगप्रतिको हाम्रो प्रतिबद्धता नै मुख्य कारक हो । रियलमी ९ प्रो प्लस ५ जी साथमा हामी नम्बर सिरिजलाई अझ विस्तार गर्नेछौं र केही हदसम्म प्रिमियम सुविधाहरू लिएर आउनेछौं ।' दराज अनलाइनबाट प्रि-बुकिङ गर्ने ग्राहकलाई ६ महिनाका लागि नि:शुल्क स्क्रिन रिप्लेसमेन्ट सुविधा पनि उपलब्ध रहेको छ ।

गोयलद्वारा १० लाखको छात्रवृत्ति कोष स्थापना

काठमाडौं/हिटा । विराटनगरका समाजसेवी दिनबन्धु गोयलले विराटनगर-७ स्थित सत्यनारायण माविमा १० लाखको छात्रवृत्ति कोष स्थापना गर्नुभएको छ । विद्यालयमा आयोजित सुमनदेवी गोयल छात्रवृत्ति एवं पुरस्कार वितरण कार्यक्रममा उहाँले उक्त घोषणा गर्नुभएको हो ।

यसअघि सोही विद्यालयमा गोयलले चार लाखको सुमनदेवी गोयल छात्रवृत्ति कोष स्थापना गर्नुभएको थियो । कार्यक्रममा संरक्षक गोयल र दाता मनोज गोयलले सुमनदेवी गोयल स्मृति छात्रवृत्ति कोषबाट कक्षा नौदेखि १२ सम्मका प्रथम, द्वितीय र तृतीय हुने २२ छात्रछात्रालाई छात्रवृत्ति रकम प्रदान गर्नुभयो ।

विद्यालयले अध्ययनमा प्रोत्साहन गर्ने उद्देश्यले आन्तरिक स्रोतबाट १५ उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । कक्षा छदेखि ११ सम्मका छात्रछात्रालाई ११ हजारका दरले छात्रवृत्ति प्रदान गर्न कोष स्थापना गरिएको उनले जानकारी दिनुभयो । गोयलले सोही विद्यालयमा अध्ययन गर्नुभएकी बुहारी सुमनदेवीको स्मृतिमा उक्त छात्रवृत्ति घोषणा गर्नुभएको हो ।

Rawa Besi Rural Municipality
Office of Rural Municipal Executive
Haramtar, Kubhinde, Khotang
Province no. 1, Nepal

Invitation for e-Bids

Date of First Publication: 2078/12/10(24th March, 2022)

1. RawaBesi Rural Municipality, ***Office of Rural Municipal Executive, HaramtarKubhinde, Khotang,*** Nepal invites open competitive Bidding (electronic bids only) from eligible Nepalese bidders for the construction of road as mentioned in table below under National Competitive Bidding (NCB) procedures.
2. Bidders may download the bidding documents for e-submission from PPMO's website: http://www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified table below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : RastriyaBanijya Bank, Diktel Branch, Khotang
   Name of Office : RawaBesiGaupalika
   Bid Document Deposit Account No.(AntarikRajaswaKhata): 2060100301010007[RAWABESHI GA.PA.(GA-1-1)-AANTARIK R]
   Bid Security Deposit Account No.(DharautiKhata) : 2060100303000007[RAWABESHI GA.PA.(GA-3)-DHARAUTI ACC]
3. The eligible Bidders shall submit its bid along with the additional documents: scan copy of company/firm registration certificate, VAT & PAN registration certificate, all TAX clearance certificates of F/Y 2077/078 and all other documents mentioned in Bid Data Sheet (BDS).
4. Pre-bid meeting shall be held at ***RawaBesi Rural Municipality, Office of Rural Municipal Executive, Haramtar Kubhinde, Khotang, Nepal*** at ***2078/12/30*** (13th March,2022) at ***12:00*** Hours.
5. The bid must be submitted through PPMO's website: ***http://www.bolpatra.gov.np/egp;*** on or before ***12:00 Hrs*** of ***2079/01/11(24thApril,2022).*** Bids received after this deadline will be rejected.
6. The bid will be opened in the presence of Bidder's representatives who choose to attend at the time mentioned in table below on 2079/01/11(24thApril,2022)at the RawaBesi Rural Municipality, Office of Rural Municipal Executive, HaramtarKubhinde, Khotang.
7. Bids must be valid for a period as mentioned in table below after the bid opening and must be accompanied by a bid security issued by Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or scanned copy of the bid security in pdf format in case of e- bid, amounting to a minimum as mentioned table below, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The person, firm or company black listed as per Public Procurement Act-2063 with amendment, shall be ineligible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations- 2064 with amendment and other prevailing regulations. ***RawaBesi Rural Municipality, Office of Rural Municipal Executive, HaramtarKubhinde, Khotang,*** reserves the right to accept or reject wholly or partially or all the bids without assigning any reasons whatsoever.
11. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***RawaBesi Rural Municipality, Office of Rural Municipal Executive, HaramtarKubhinde, Khotang, Province no.1*** or may visit PPMO's website: ***http://www.bolpatra.gov.np/egp.***

S.N.	Contract Identification Number	Description and Location of Works	Last Date and Time of Submission	Date and Time of Opening	Estimated amount (with VAT) (NRs.)	Minimum Bid Security Amount (NRs.)	Fee for Bid Documents (NRs.)	Bid Validity Period	Bid Security Validity Period	Remarks
1.	16/078/079/NCB-Work-Rawabesi	Cold Store Tala Thap Yojana	***2079/01/11(24th April, 2022) upto 12:00 hrs***	***2079/01/11(24th April, 2022)*** at ***13:00 hrs***	**4216119.59**	118000.00	3,000.00	90 days	120 days	

Office Email :rawabesigaupalika@gmail.com

Chief Administrative Officer